# नेपाल सरकार
# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## माननीय मन्त्रीज्यूको पदभार ग्रहण गरे पश्चात १०० दिनमा यस मन्त्रालय अन्तर्गतका निकायहरुबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको प्रगति विवरण

## सडक यातायात तर्फ

काठमाडौं उपत्यका भित्र भएका कार्यहरुः

१) काठमाडौं उपत्यकाको सडकहरु खाल्डा-खुल्डी र धुलो रहित बनाउने योजनामा प्राप्त भएको सफलता बिशेष उपलब्धिपूर्ण रहेको छ। यस अवधिमा मात्र सडक विभाग अन्तर्गत रहेका सडकहरुमा २४३०० वर्ग मिटर (९५०० वटा) खाल्डा-खुल्डी पुर्ने कार्य भएको छ।

२) यसका साथै, काठमाडौं उपत्यकाका करिव २७ कि.मि सडकमा कालोपत्रे कार्य (आवधिक मर्मत समेत) सम्पन्न भएको छ। यस १०० दिनको कार्यकालको अधिकांश समय हिउँदको समय भएकोले चिसोको कारण उल्लेखनीय मात्रामा कालोपत्रेको कार्य हुन नसकेता पनि प्राप्त भएको प्रतिफलमा गौरव गर्न मिल्ने अवस्था छ। यस आ.व.को अन्त्य सम्ममा काठमाडौं उपत्यकाका थप ८५ कि.मि सडकहरु कालोपत्रे गर्ने लक्ष्य सहित निर्माण कार्य अघि बढी रहेको छ।

३) कोटेश्वर चोकमा बर्षौ देखि हुदै आएको ट्राफिक जाम व्यवस्थापनको लागि अल्पकालीन समाधानको रुपमा हालको सडकलाई चौडा गर्ने हेतुले थप सडक लेन निर्माण गर्ने निर्णय भए संगै यस कार्यको लागि दक्षिण तर्फको जग्गा प्राप्ति भईसकेको र उत्तर तर्फको जग्गा अधिग्रहणको प्रक्रिया चालु रहेको छ। साथै, मनोहरा कोरिडोरको सडकलाई समेत प्रयोगमा ल्याई कोटेश्वर चोकमा आउने

सवारीहरु बैकल्पिक मार्गको प्रयोग गरी डाईभर्ट गरिने योजना अनुरुप निर्माण कार्य अघि बढीसकेको छ।

४) काठमाडौं उपत्यकाको चक्रपथ अन्तर्गत ग्वार्को चोक, सातदोबाटो चोक र नख्खु चोकमा Flyover निर्माण गर्नको लागि DPR तयारीको निम्ति परामर्शदाता छनोट कार्य भईरहेको छ। त्यसै गरी, सुर्यविनायक-धुलिखेल सडक खण्डलाई विस्तार गर्न कोटेश्वर र जडिबुटी चोकको ट्राफिक जामलाई दीर्घकालीन रुपमा समाधान गर्न Flyover/ Underpass निर्माणका लागि जापान सरकारसंग समन्वय भईरहेको छ।

५) काठमाडौं उपत्यकाको चोकहरुमा ट्राफिक बत्ति जडान गरी संचालनमा ल्याईएको छ। १७ वटा चोकहरुमा ट्राफिक बत्ति बल्न सुरु भएको छ, बाकी ६ वटा चोकमा असार महिना भित्र मर्मत गरी संचालनमा ल्याउने र दिर्घकालिन रुपमा चोकहरुमा हुने ट्राफिक जाम व्यवस्थापन गर्नको निम्ति ITS (Intelligent Traffic System) प्रविधि अपनाउन पर्ने देखिएकोले सो कार्यको लागि परामर्शदाता छनोटको प्रक्रिया अघि बढाईएको छ।

६) पैदलयात्रुहरुलाई सुरक्षित् रुपमा बाटो काट्नको लागि रिंगरोडको बालकुमारी, सातदोबाटो र एकान्तकुनामा आकासे पुल (Foot Over Bridge) निर्माणको कार्य सम्पन्न भईसकेको र बल्खु, सानेपा, महालक्ष्मीस्थान र बानेश्वरमा थप आकासे पुल निर्माणको डिजाईन सम्पन्न भई ठेक्का व्यवस्थापन प्रक्रियामा रहेको छ।

७) काठमाडौं उपत्यका चक्रपथ विस्तारको दोश्रो खण्डको रुपमा कलंकी-महाराजगन्ज खण्डको विस्तार कार्यको प्रारम्भिक कार्यहरु जस्तै रुख कटान, बिजुली तथा दूरसंचारको पोलहरु स्थान्तरण अन्तिम चरणमा रहेको र जग्गा प्राप्तिको प्रक्रिया समेत सुरु भईसकेको छ।

८) काठमाडौं उपत्यका चक्रपथको तिनकुने-एरपोर्ट-तिलगंगा सडक खण्डलाई ८ लेनमा स्तरोन्नति गर्न DPR तयार गर्ने कार्य सम्पन्न भईसकेको छ।

९) काठमाडौं उपत्यकाको प्रमुख सडकहरुसंग जोडिएको शाखा सडक/ Access Road हरुको स्तरोन्नति गर्न आवश्यक देखिएकोले सो कार्यको लागि बजेट तथा ठेक्का व्यवस्थापन गरी निर्माण कार्य समेत सुरु गरिएको छ।

१०) उपत्यकाको सडकहरुलाई सुरक्षित् तथा सौन्दरिकरण गर्ने हेतु फुटपाथ निर्माण, रेलिङ्ग निर्माण, जेब्रा मार्कीङ्ग तथा रङरोगनको कार्यलाई प्राथमिकताका साथ अघि बढाईएको छ।

११) गौशाला चावहिल खण्डको मर्मत तथा स्तरोन्नति कार्य तिब्र गतिमा अगाडी बढाईएको छ। ढल व्यवस्थापन, खानेपानी र सडकको एकीकृत ठेक्का व्यवस्थापन भई अन्तर-सरकारी निकाय बीचको समन्वयको उदाहरणीय कार्यको सुरुवात भएको छ जसले यस अघि हुने समन्वयको अभावका कारण निर्माण कार्यमा हुने बेथितिलाई निरुत्साहित गरेको छ।

<u>राष्ट्रिय गौरबका योजनाहरु तर्फः</u>

१२) मध्य पहाडी राजमार्ग अन्तर्गत यस अवधि भित्र १८ कि.मि सडक कालोपत्रे भएको र ६ वटा पुलको निर्माण सम्पन्न भएको छ। त्यसै गरी १६ वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा ८ वटा पुल निर्माण भईसकेका छन्।

१३) हुलाकी सडक योजना अन्तर्गत यस अवधिमा ४८ कि.मि सडक कालोपत्रे भएको र ५ वटा पुल निर्माण भएको छ।

१४) उत्तर दक्षिण राजमार्गहरु अन्तर्गत रहेको कालिगण्डकी कोरिडोरमा ३३ कि.मि ग्रावेल सम्पन्न भई ३ वटा पुलहरुको निर्माण कार्य समेत सम्पन्न भईसकेको छ। त्यसै गरी, कर्णाली कोरिडोरमा थप ५.६ कि.मि ट्र्याक खोल्न सफल भईएको छ भने कोशी कोरिडोरमा द्रुत गतिमा सडक स्तरोन्नतिको कार्यहरु भईरहेको छ।

१५) पुल निर्माण तर्फः यस अवधिमा स्थानीय सडकमा पर्ने र राजमार्गमा पर्ने पुलहरु गरी कुल ४० वटा निर्माण भएको तथ्यांकले सडक पुल निर्माणमा प्राप्त भएको सफलतालाई प्रकाश पार्दछ।

१६) गल्छी-त्रिशुली-मैलुंग-स्याफ्रुबेशी-रसुवागढी सडक खण्डमा ७ कि.मि कालोपत्रे सम्पन गरी थप ६ कि.मि सडक खण्डमा ग्रावेल सम्पन्न भएको र उक्त सडकको मैलुंग-स्याप्फ्रुबेशी खण्डको (१९ कि.मि) ठेक्का व्यवस्थापन अन्तिम चरणमा रहेको छ।

१७) मदन भण्डारी राजमार्गः पूर्व झापाको बाहुनडाँगी देखि पश्चिमको डडेल्धुराको रुपाल सम्म जोड्ने मदन भण्डारी राजमार्गमा यस अवधिमा थप २६ कि.मि सडक कालोपत्रे भई ११ वटा पुलको निर्माण सम्पन्न भएको छ।साथै ४४ वटा पुलको ठेक्का आवहान भई बोलपत्र मूल्यांकनको प्रक्रियामा रहेको र केही समयपछि निर्माण कार्य प्रारम्भ गरिने छ।

१८) भारतीय नाका देखि पूर्व-पश्चिम राजमार्ग जोड्ने ब्यापारिक मार्ग विस्तार आयोजना अन्तर्गत ९.६ कि.मि सडक ४ लेनमा विस्तार भएको छ।

१९) देशै भरि संचालनमा रहेका योजनाहरु, सडक पूर्वाधार विकास कार्यक्रम र तराई मधेश सडक पूर्वाधार बिशेष कार्यक्रम अन्तर्गत भएको निर्माण कार्यको प्रगतिको समीक्षा गर्दा १०० दिनको अवधि भित्र कुल २०० कि.मि कालोपत्रे सडक, १३० कि.मि ग्रावेल सडक र ६९ कि.मि नयाँ ट्र्याक निर्माण सम्पन्न भएको छ।

२०) राष्ट्रिय राजमार्गहरुको नियमित, पटके, आवधिक तथा बिशेष मर्मत कार्यलाई यस अवधिमा प्राथमिकताका साथ तिब्रता दिईएको छ; राष्ट्रिय राजमार्गलाई खाल्डा- खुल्डी रहित बनाउने कार्यमा निरन्तरता दिईएको छ र यसमा उल्लेखनीय प्रगति भएको छ।

२१) नागढुंगा- नौबिसे सुरुङ्ग मार्गको निर्माण ३ बर्ष भित्र सम्पन्न गर्ने गरी निर्माण कार्य सुरु भएको छ र सिद्धार्थ राजमार्गको सिद्धबाबा क्षेत्रमा पनि सुरुङ्ग मार्ग निर्माणको डिजाईन तयार भई ठेक्का व्यवस्थापनको तयारी कार्य भएको छ।

२२) यस अवधिमा सडक सुरक्षा तर्फ बिशेष प्राथमिकताका साथ सडक विभाग अन्तर्गतका सडकहरुमा २०० कि.मि सडकमा Zebra Crossing लगायत Road Marking को कार्य सम्पन्न गर्नका साथै ६१ कि.मि सडक किनारामा Safety Barrier निर्माण भएको छ।

२३) करिव १७० जना सिनियर डिभिजन ईन्जिनियर, ईन्जिनियर र सव-ईन्जिनियरहरुलाई ७ चरणमा गरी सर्वे, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण, ठेक्का व्यवस्थापन सम्बन्धित तालिम सम्पन्न गरिएको।

२४) यस मन्त्रालय अन्तर्गतको सडक विभागबाट संचालित योजनाहरुको हाल सम्म पूँजिगत खर्च २४.१३% रहेको छ।

## यातायात व्यवस्थापन तर्फ

१) जि.पि.एस प्रविधिको प्रयोग गरी सार्वजनिक सवारी साधनहरुको GPS Vehicle Tracking System कार्यान्वयनका लागि अध्ययन सम्पन्न गरी कार्य अगाडी बढाईएको छ।

२) सवारी दुर्घटना न्यूनिकरण तथा यात्रुको सेवा सुविधाका लागि पहिलो पटक कपिलवस्तु जिल्ला, बुद्धभुमी नगरपालिका वडा नं.-२ गोरुसिङगेमा यात्रु रिफ्रेशमेन्ट सेन्टर स्थापना गर्न DPR तयारी गरी खरिद प्रकृया शुरु भएको र दैलेख जिल्ला आठबीस गाँउपालिका स्थित राकम (कर्णाली लोकमार्ग) मा पनि ड्रईङ्ग/डिजाईनको कार्य सम्पन्न भएको छ ।

३) सरकारी स्तरबाट सवारी साधनको भार नियन्त्रण र सडक सूरक्षाका लागि चितवनको जुगेडि र सिन्धुलीको बर्दिवासमा तौल पूल स्थापनाको कार्य शुरु भएको छ ।

४) संघीय सवारी तथा यातायात व्यवस्था ऐनको मस्यौदा तयारी अन्तिम चरणमा रहेको।

५) सबै प्रदेश राजधानीमा सवारी साधनको फीटनेश परीक्षण केन्द्र स्थापना गर्ने सरकारको नीति अनुसार हेटौडामा सवारी परीक्षण कार्यालय स्थापना भई कार्य सञ्चालनमा आएको छ ।सवारी

परीक्षण कार्यालय बुटवल स्थापनाको प्रकृयामा रहेको र अन्य पाँच प्रदेशमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी स्विकृतिको क्रममा रहेको छ।

६) सहज रुपमा Smart Driving License वितरण गर्न यस अवधिमा मास प्रिन्टर जडान गरी करिव २ लाख स्मार्ट कार्ड प्रिन्ट गरी वितरण गरिएको। यस अवधिमा, सुदूरपश्चिम तथा कर्णाली प्रदेश भित्रका सबै सेवाग्राहीलाई License वितरण भई कुनै Backlog बाकी नरहेको।

७) विधुतीय बस खरिदका निम्ति मन्त्रालय अन्तर्गत कार्यदल गठन गरिएको छ। उक्त कार्यदल बोलपत्र आव्हानको निम्ति अन्तिम चरणमा रहेको छ।

## रेल यातायात तर्फ

१) यस अवधिमा निजगढ (चोचा) बर्दिबास रेलमार्ग खण्डमा थप २ कि.मि. ट्र्याकबेड निर्माण भएको तथा थप ४ वटा पुलको फाउण्डेशन निर्माण कार्य सम्पन्न भएको छ।

२) बन डिभिजन तथा बन विभाग मार्फत बन क्षेत्र प्रयोग गर्ने तथा रुखहरु हटाउने कार्यको लागि विवरण तयार गरि बन मन्त्रालयमा पेश गरिएको छ।

३) पूर्व पश्चिम विद्युतीय रेलमार्गको बैकल्पिक खण्ड निजगढ भरतपुर रेलमार्ग खण्डको डि.पि.आर. तयार गर्न सम्झौता भै कार्य शुरु भएको छ। नारायणगोपाल चोक -रत्नपार्क - सातदोबाटो चोकको मेट्रोरेलको डि.पि.आर. तयारी कार्य शुरु भएको छ।

४) आगामी आ.व. २०७७/७८ देखि निर्माण कार्य शुरु हुने गरी काकरभिट्टा इनरुवा खण्डको बहुवर्षिय ठेक्का ब्यवस्थापनको कार्य अगाडी बढाईएको छ।

५) रसुवागढी काठमाण्डौं खण्डको विस्तृत अध्ययनको लागि चीन सरकारसंग सम्झौताको प्रक्रिया अगाडि बढेको छ।

६) विरगंज काठमाण्डौं रेलमार्ग खण्डको विस्तृत अध्ययन कार्यको लागि भारत सरकारबाट बजेट समेत विनियोजन भएको छ।

७) जयनगर जनकपुर रेल सेवा संचालनको लागि खरिद गरिएका २ वटा रेलसेट मध्ये १ वटा भारतको चेन्नइमा निर्माण सम्पन्न भै अन्तिम इन्स्पेक्सन सम्पन्न भएको छ तथा अर्को १ सेट समेत निर्माण सम्पन्न हुने चरणमा रहेको छ।साथै निर्माण सम्पन्न भएको रेलसेट प्राप्त हुने अन्तिम चरणमा रहेको छ। रेलसेवा संचालनको लागि दक्ष जनशक्ति ब्यवस्थापनको कार्य समेत शुरु गरिएको छ।यस आ.व.मा यो खण्ड भित्र रेलसेवा संचालनमा ल्याईने छ।

८) रेलवे सम्बन्धी विधेयक संसदमा पेश भएको छ ।

९) रेल सेवा संचालनको लागि नेपाल सरकारबाट २६ जना विदेशी कामदार तथा अन्य २०० जना नेपाली कामदार गरी २२६ जना कामदार नियुक्ति गर्ने प्रक्रिया शुरु भएको छ।

१०) जोगवनी विराटनगर खण्डमा विराटनगर रेलस्टेशनको लागि लामो समयदेखि जग्गा प्राप्तिमा देखिएको समस्या निराकरण भै जग्गा प्राप्ति गरिएको छ।

११) यस मन्त्रालय अन्तर्गतको रेल विभागबाट संचालित योजनाहरुको हाल सम्म पूँजिगत खर्च २३.७८% रहेको छ।

## जल यातायात तर्फ

१) पानीजहाज (संचालन तथा व्यवस्थापन) विधेयक, २०७६ को मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयहरुमा रायको लागि पठाईएको छ।

२) कालिगण्डकी नदीमा पानी जहाज संचालन गर्न सम्भाव्यता अध्ययन गर्ने कार्यको लागि आशय पत्र माग गरी इच्छुक फर्म/कम्पनी छनौट गरी प्रस्ताव माग गरिएको छ।

३) हाल तयार भई पेश भएको मस्यौदा विधेयक अनुसार नयाँ नियमावलीहरु बनाउने कार्य शुरु हुने अवस्था रहेको छ।

## नीतिगत तर्फ

१) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको संगठन-व्यवस्थापन रिपोर्ट (O&M) सामान्य प्रशासन मन्त्रालयमा पेश भएको।

२) अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग संग सहकार्य गरी यस आ.व. को LMBIS मा भएका योजनाहरुको मध्ये हरेक निर्वाचन क्षेत्रमा थप १० करोड बजेट व्यवस्थापन गरिएको छ। साथै, आगामी आ.व. २०७७/७८ मा हरेक निर्वाचन क्षेत्रमा एउटा रणनैतिक सडक रहने गरी ती सडक निर्माणको लागि तयारी भईरहेको छ।

३) लामो समयसम्म रुग्ण रहेको ठेक्काहरुलाई व्यवस्थापन गर्नको निम्ति सार्वजनिक खरिद नियमावली, २०६४ मा नवौं संसोधन भएपश्च्यात करिव १५०० वटा ठेक्काको म्याद थप गर्ने कार्य टुङ्गगाइएको छ। यसले गर्दा निर्माण कार्य रोकिएका ठेक्काहरुमा पुनः निर्माण कार्य सुरु भई रुग्ण ठेक्काहरु थपिएको म्याद भित्रै सम्पन्न हुने अपेक्षा गरिएको छ।

४) १५ औ आवधिक योजनाको लागि मन्त्रालयको तर्फबाट आवश्यक तयारीको कार्य सम्पन्न भएको छ।

५) MTEF (मध्यकालिन खर्च संरचना) सम्बन्धी कार्य अन्तिम चरणमा पुगेको छ ।

६) परियोजना बैंक (Project Bank) तयारी अन्तिम चरणमा रहेको छ ।

७) राष्ट्रिय यातायात नीति परिमार्जनको कार्य अन्तिम चरणमा रहेको छ ।

८) सडक सुरक्षा विधेयक परिमार्जनको अन्तिम तयारी भईरहेको छ ।

९) सार्वजनिक सडक ऐन संसोधनको कार्य भईरहेको छ ।

१०) ईन्जिनियरिङ्ग परिषद ऐन संशोधन सांसदमा विचाराधीन रहेको छ ।

११) ईन्जिनियरिङ्ग अध्ययन प्रतिष्ठान गठन गर्ने सम्बधि विधेयक अघि बढेको छ।

१२) सार्वजनिक (उपत्यका) यातायात प्राधिकरण ऐन सांसदमा विचाराधीन रहेको छ ।

१३) नेपाल पूर्वाधार निर्माण कम्पनी लिमिटेड गठन भई प्रमुख कार्यकारी अधिकृत (CEO) नियुक्ति र कार्यालय स्थापना हुने कार्य अन्तिम चरणमा रहेको छ।

समग्रमा हालसम्म भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत कुल २२.८८ % पूँजिगत तर्फको वित्तिय प्रगति रहेको छ।